# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

### मिति २०६५/३/२७ गते शुक्रवार देखि २०६५/४/२ गते विहिवार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा ७३ कम्पनीहरुको कारोबार भएको छ । जस अनुसार २२१९ कारोवारबाट ८७ करोड ८९ लाख ९३ हजार रुपैयाँ बराबरका १४ लाख ५३ हजार ७ सय ७६ कित्ता शेयरहरु खरीदविक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा ११४.९८ प्रतिशतले वृद्धि भएको हो । गत साता २५३२ शेयर कारोवारबाट ४० करोड ८८ लाख ७४ हजार रुपैयाँ बराबरका ६ लाख १४ हजार ६४ कित्ता शेयरहरु खरीदविक्री भएका थिए ।

कुल कारोवारमध्ये 'क' बर्गका कम्पनीहरुको मात्र २९ करोड ७३ लाख रुपैयाँ बराबरको कारोवार भएको छ । यो कुल कारोबारको ३३.८२ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा ३८.४५ अंकले वृद्धि भई अन्तिम दिन ९९१.९१ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य वैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास वैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ९८३.३४ | ४२४.९० | ३७३.५७ | ८१७.४७ | १२२१.६७ | २१२.५५ | ८१५.९८ | ११०३.२९ | ११५६.३२ | ९५३.४६ | २५१.९५ |
| दोस्रो | ९८८.२१ | ४२४.९० | ३७०.८८ | ८१७.४७ | १२४५.५१ | २१२.५५ | ८१५.९८ | ११११.७२ | ११६५.५९ | ९५९.२६ | २५२.७२ |
| तेस्रो | ९८८.८५ | ४२४.९० | ३७०.८८ | ८१७.४७ | १३२३.९९ | २०४.९३ | ८१५.९८ | १११०.८८ | ११६०.९९ | ९६३.३६ | २५३.७२ |
| चौथो | १०११.०९ | ४२३.६६ | ३६०.१५ | ७६९.२१ | १३११.४३ | २०४.०८ | ८१९.९४ | ११५९.१८ | १३४६.३६ | ९८२.१२ | २५९.२८ |
| पाँचौं | १०२४.९० | ४२३.६६ | ३४७.४१ | ७६९.२१ | १३१४.२२ | २०४.०८ | ८२३.२१ | ११६४.८८ | १३२३.५६ | ९९१.९१ | २६२.१८ |
| परिवर्तन | ४१.५६ | -१.२४ | -२६.१६ | -४८.२६ | ९२.५५ | -८.४७ | ७.२३ | ६१.५९ | १६७.२४ | ३८.४५ | १०.२३ |

'क' वर्गका कम्पनीहरुको कारोवार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा १०.२३ अंकले वृद्धि भई २६२.१८ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (२६ करोड २४ लाख रुपैयाँ) तथा शेयर संख्या (५ लाख ८९ हजार) को आधारमा नेपाल क्रेडिट एण्ड कमर्स वैंक लि. र कारोवार संख्या (१७३) को आधारमा विराट लक्ष्मी विकास वैंक लि. अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोवार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोवार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | नेपाल केडिट एण्ड कमर्स वैंक | २६२.४४ |
| २ | नेपाल वंगलादेश वैंक | १९७.१४ |
| ३ | वैंक अफ काठमाण्डू | ५२.६५ |
| ४ | नेशनल हाइड्रो पावर कम्पनी | ४५.५० |
| ५ | नेपाल इन्भेष्टमेण्ट वैंक | २५.०८ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ५ दिन खुला रह्यो । यस साता पनि ऋणपत्र तर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोवार भएन ।

## सूचिकरण तर्फ

"नेपाल विद्युत प्राधिकरण, विद्युत ऋणपत्र-२०६९"

मिति २०६५/४/२ का दिन नेपाल विद्युत प्राधिकरण र नेपाल स्टक एक्सचेन्ज लि. वीच प्रति ऋणपत्र अंकित तथा चुक्ता मूल्य रु.१०००।- कायम भएको रु.१ अरव ५० करोड बराबरको १५ लाख थान ऋणपत्र बार्षिक ७.७५% व्याजदर कायम भएको र अर्धबार्षिक तवरले व्याज वितरण गर्ने र ऋणपत्र २०६९ मा सावां फिर्ता भुक्तानी हुने गरी सूचिकरण गर्ने सम्झौता सम्पन्न भयो । प्राधिकरणले सर्वसाधारण समक्ष एनएमवि वैंक लि. ववरमहल, काठमाण्डौं मार्फत १५,००,००० थान ऋणपत्रहरु मिति २०६४/११/२ गते देखि खुल्ला विक्री आव्हान गरेको थियो । यसरी वितरण गरिएको १५,००,००० थान ऋणपत्र यस स्टक एक्सचेन्जमा सूचिकरण भएको छ ।

ऋणपत्र सूचिकरण सम्झौता पत्रमा यस स्टक एक्सचेन्जको तर्फवाट महाप्रवन्धक श्री रेवत वहादुर कार्की र प्राधिकरणको तर्फवाट उपकार्यकारी निर्देशक श्री उत्तर कुमार श्रेष्ठले हस्ताक्षर गर्नु भयो ।
धितोपत्र सम्वन्धी ऐन, २०६३ वमोजिम सम्वन्धित कम्पनी र नेपाल स्टक एक्सचेन्ज लिमिटेड वीच धितोपत्र सूचिकरण सम्झौता हुनु पर्ने र सोको सार्वजनिक सूचना दैनिक प्रकाशनमा प्रकाशित मितिले ७ दिन पश्चात विधिवत सो कम्पनीको ऋणपत्र ईजाजत प्राप्त सदस्य दलालहरु मार्फत यस स्टक एक्सचेन्जमा कारोवार हुने प्रक्रिया रहेको छ । त्यस प्राधिकरणको ऋणपत्र (बण्ड) सूचिकरणबाट कुल सूचिकृत ऋणपत्र (बण्ड) संख्या ९ कायम हुन गएको छ ।

अन्य गतिविधि

## आ.व. २०६४/६५ मा धितोपत्र बजारका गतिविधि

आर्थिक वर्ष २०६४।६५ धितोपत्र बजार यसका गतिविधिहरु र बजार सुधार एवं आधुनिकीकरण दुवै दृष्टिकोणले विशेष उल्लेख्य रहेको छ। दोश्रो जनआन्दोलन पश्चात विस्तारै वढोत्तरीतर्फ उन्मुख धितोपत्र बजार खास गरी नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाको चुक्ता पूँजी दोव्वर गर्ने नीतिको कारणले बजार असाधारण रुपले अगाडि वढदै गएकोमा उक्त बैंककै मार्जिन लेण्डिङ्ग कडा गर्ने र संस्थागत शेयर घटाउने सम्बन्धी नयाँ नीति जारी भए पछि धितोपत्र बजार केही समय प्रभावित (केही ह्रासोन्मुख) भए तापनि बजार वढोत्तरी तर्फ नै उन्मुख भई यथार्थ धरातलभन्दा निकै माथि रह्यो । यस बृद्धिमा शेयर कारोबार अटोमेशन सहित बजार सुधारले समेत थप योगदान गरेको छ । आ.व. २०६२।६३ मा रु.३.४५ अरव धितोपत्रको कूल कारोबार आ.व. २०६३।६४ मा रु. ८.३६ अरव पुगेकोमा आ.व. २०६४।६५ मा रु. २२.८३ अरव पूँजी १७२.८ प्रतिशतको उच्च दरले बृद्धि भएको छ। २०६३।६४ को कारोबरको तुलनामा यो झण्डै तेव्वर रहेको छ। दैनिक औषत कारोबार समेत रु. १-२ करोडबाट चौवर बृद्धि भई ९-१० करोड हुने गरेको छ। उक्त वर्ष कारोबार भएको शेयर संख्या र कारोबार संख्या पनि क्रमशः ५८ प्रतिशत र २६ प्रतिशतको बृद्धि देखिन्छ।

२०६२।६३ मा बजार पूँजीकरणको रु.९७ अरवबाट २०६३।६४ मा रु. १८६ अरव (कुल गार्हस्थ्य उत्पादनको २६ प्रतिशत) र गत २०६५ आषाढमा यो पूँजीकरण रु. ३५४ अरव (कुल गार्हस्थ्य उत्पादनको ४३%) पुगेको छ। बजार पूँजीकरण यस वर्ष करीव ८९ प्रतिशतले बृद्धि भएको छ। सूचिकृत कम्पनीको संख्या आ.व. २०६३।६४ को १३५ बाट पाँच कम्पनी खारेज भए तापनि १४३ पुगेको छ। त्यस्तै २०६२।६३ मा ३८७ अंकमा रहेको नेप्से परिसूचक २०६३।६४ मा ६८४ अंकमा पुगेको थियो भने २०६५ आषाढमा ९६३ अंकमा पुगेको छ । उक्त अंक २०६३ आषाढको तुलनामा २७९ अंक अर्थात ४१ प्रतिशतले वढी छ।

आ.व. २०६३।६४ देखि बजारलाई नीतिगत एवं संस्थागत सुधार गर्न प्रयासहरु गरिए तापनि आ.व. २०६४।६५ मा सुधारको साथै आधुनिकीकरण गर्ने महत्वपूर्ण कार्यहरु भएका छन्। २०६४ भाद्र ७ देखि खुल्ला वोलकवोल प्रथा हटाएर अर्न्तराष्ट्रिय मान्यता प्राप्त स्वचालित कम्प्युटरकृत कारोबार प्रणालीको शुरुवात गरियो जसबाट यो बजार आधुनिकीकरणको चरणमा प्रवेश गरेको छ भने परिमार्जित website www.nepalstock.com मार्फत २०६४ मार्ग १२ देखि कारोबारको Live Activities (Real Time Information) दिन शुरु गरिएको छ। स्वचालित कम्प्युटरकृत कारोबार प्रणालीलाई २०६४ असोज देखि नै WAN (Wide Area Network) मा आधारित गरी दलालको कार्यालयबाट यस स्टक एक्सचेन्जसंग Online Trading समेत शुरुवात गरी २०६५ आषाढ भित्र पूरै दलालहरु WAN अर्न्तगत कारोबार गरिरहेका छन् । यस व्यवस्थाले मुख्यतः स्टक एक्सचेन्जको कारोबार स्थलमा सीमित दलाल संख्यालाई पूर्वाधारको विकास र नियमनकर्ताहरुको नियमन एवं सुपरीवेक्षण क्षमताको विकासको साथसाथै क्रमशः दलाल ईजाजतको खुला

नीतिको वाटो तर्फ उन्मुख गराएको छ ।

कारोबार चाप वढी समय कम भएको महशूष गरी खासगरी स-साना लगानीकर्ताहरुलाई लाभान्वित गराउने उद्देश्यले २०५० साल देखि दुई घण्टाको कारोबार समयलाई हालै तीन घण्टा वनाईएको छ भने बजारलाई सुधार गर्दै लैजाने क्रममा एकै दिन नेप्से ईण्डेक्सको उच्च परिवर्तन भएमा बजारको पूरै कारोबार वन्द गर्ने (Trading halt) लगानी मैत्री (Investors' Friendly) व्यवस्थाको समेत शुरुवात गरिएको छ । त्यस्तै गरेर लगानीकर्ता सहित सरोकारवालाहरुलाई वढी सूचना उपलब्ध गराउने उद्देश्यले २०६४ चैत्र देखि NEPSE News Letter र Securities Market Review and Statistic को प्रकाशन शुरु गरिएको छ ।

खारेज भएका र सूचिकरण हुन नसकेका कम्पनीहरुको शेयरको खरीद/विक्री गराउने उद्धेश्यले ओ.टि.सी. बजार २०६५ आषाढदेखि संचालन गरिएको छ । तर यसको महत्व वुझाई कारोबार गराउने चुनौति भने रहेको छ ।

बजारलाई प्रतिस्पर्धात्मक बनाउन दलाल व्यवसायी संख्या वढाउन ईजाजत सिफारिशको लागि स्पष्ट एवं पारदर्शी छनोट विधि वनाई यसको प्रकृया अगाडि वढाईयो ।

२०६५ आषाढदेखि स्टक एक्सचेन्जको संरचनात्मक परिवर्तन गरिएको छ जस अनुसार यो संस्थाको पूँजी बृद्धि गरी नाफामुलक संस्थामा परिणत गरी संचालक समितिमा दलाल व्यवसायी र धितोपत्र बोर्डको प्रतिनिधित्व समेत हटाईएको छ । यसबाट निजीकरणका गर्नका लागि मार्गप्रशस्त समेत भएको छ ।

यसरी बजार सुधारको साथै आधुनिकीकरणको युगमा प्रवेश गरे तापनि केन्द्रीय निक्षेप प्रणाली (CDS) स्थापना गरी बजारलाई पूर्ण आधुनिक वनाउन मुख्य चुनौति एकातर्फ छ भने दलाल संख्या वढाई प्रतिस्पर्धात्मक वातावरण वनाउने देखि लिएर संरचनात्मक सुधार मार्फत रियल सेक्टर कम्पनीलाई यस बजारमा ल्याई वित्तीय क्षेत्रको प्रभुत्व कम गर्नु पर्ने चुनौति समेत रहेका छन् ।